# बर्दघाट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी ५ नं. प्रदेश, नेपाल

### आ.व. ०७६/७७ को लागि बर्दघाट नगरपालिकाको क्षेत्र भित्रको नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदी) उत्खनन तथा विक्रि सम्बन्धी सिलवन्दि वोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०७६/५/१६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को, घ(६) तथा ५ नं प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ को दफा ७ बमोजिम यस बर्दघाट नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपसिलमा उल्लेखित खोलाको तोकिएको दररेटमा ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले ठेक्का लिन इच्छुक कम्पनी वा फर्मले सूचनामा उल्लेख भएवमोजिम दस्तुर, निवेदन, आ.व. ०७६/७७ को लागि नविकरण भएको फर्मको फर्म वा कम्पनीको इजाजत पत्र , आय कर दर्ता प्रमाण पत्र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. ०७५/७६ सम्मको आयकर आयकर कर चुक्ताको प्रमाणहरूको नोटरी पव्लीकबाट प्रमाणित प्रतिलिपीहरू संलग्न राखी यस कार्यालयबाट वोलपत्र खरिद गर्नको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| आय ठेक्का नं. | खोलाको नाम | सँकलन / उत्खनन् गर्नुपर्ने अनुमानित परिमाण घन फिटमा | विक्रि दर (मु.अ.क.वाहेक | न्यूनतम अंक भ्याट वाहेक रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १-०७५/०७६ | खजुरा खोला बर्दघाट न.पा . | १०१४३७८.०० | रु ६:०० | ६०,८६,२६८ | ३००० |

शर्तहरू:

१. ठेक्का अवधि सम्झौता मिति देखी २०७७ साल जेष्ठ मसान्त सम्म कायम रहने छ।

२. कार्यालयबाट प्रमाणित भएको वोलपत्र फाराम वोलपत्रदाता स्वयँ वा रितपूर्वकको लिखित वारेश पठाई तोकिएको दस्तुर तिरी खरिद गर्न सकिनेछ, खरीद भएका बोलपत्रहरूको प्रत्येक पानामा सही छाप र शिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम लेखी सूचना प्रकाशीत भएको मितिले १५ औं दिन कार्यालय समय भित्र खरिद गरी १६ औं दिनको १२:०० वजे सम्म सिलवन्दि गरी यस कार्यालयमा दर्ता गर्न सकिने छ।

३. दर्ता भएका टेण्डरहरू सोही दिनको २:०० वजे ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधीको रोहवरमा खोलीनेछ। सो सयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयका प्रतिनिधीहरूको रोहवरमा टेण्डर खोल्न वाधा पर्नेछैन।

४. टेण्डर फारम खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोली पल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ।

५. बोलपत्र खाममा शिलवन्दी गरी पेश गर्नु पर्नेछ।

६. बोलपत्रमा कवुल रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेंछ।

७. टेण्डर दाखिलाको लागि विडवण्ड मान्य हुने छैन। धरौटी वापत कवोल अंकको (VAT वाहेक) ५% ले हुने रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको .हि.नं. ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ।

८. ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ। उक्त करहरू किस्ता संगै अग्रिम बुझाउनु पर्नेछ ठेक्का रकम बाट घटाउन पाइनेछैन।

९. टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्र कवोल अंकको १.५% अग्रिम आयकर तथा १३% मूल्य अभिवृद्धि कर (VAT) सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ। स्वीकृत ठेक्काको हकमा सम्झौता गर्दाको बखतमा ५०% रकम (नगदै) प्रथम किस्ता र बाँकी रकमको हकमा मान्यता प्राप्त क वर्गको वाणीज्य बैंकको जेष्ठ मसान्त सम्मको वैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ। बाँकी ५०% रकम दुई किस्तामा बुझाउनु पर्नेछ, दोश्रो र तेश्रो किस्ता बुझाउनु पर्ने अन्तिम म्याद २०७७ चैत्र मसान्त सम्म रहनेछ, अन्यथा वैंक जमानतबाट असुल उपर गरिनेछ। सम्पूर्ण कवोल अंक रकम एकमुष्ट नगदै बुझाएमा मात्र १०% छुट दिईनेछ।

१०. ठेकेदारले नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि गर्दा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) प्रतिवेदनमा उल्लेख गरिएको परिमाण भन्दा वढी नहुने गरि निर्धारित क्षेत्रबाट गर्नुपर्नेछ, उत्खनन गरेको नदिजन्य पदार्थहरू नदिकिनारामा घाटगद्दि गर्न पाइने छैन, तोकिएबमोजिमको घाटगद्दिको व्यवस्था वोलपत्रदाता आफैले गर्नुपर्नेछ यसको लागि तोकिएबमोजिम भन्दा वढी दररेट लिन पाइनेछैन।

११. नेपाल सरकार, प्रदेश सरकार र बर्दघाट नगरपालिकाले समय-समयमा जारी गरेको नीति, निर्देशन तथा आदेशको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ।

१२. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बर्दघाट नगरपालिकामा सुरक्षित रहने छ। साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

१३. ठेक्का कवोल गर्ने ठेकेदारले बर्दघाट नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसीदहरू ठेकेदारले आफ्नो तर्फबाट छपाई ती रसीदहरू यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नु पर्नेछ। प्रमाणीत नगरेको रसीदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही गरिनेछ।

१४. ठेकेदारले उठाउने कर, शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गमा ढाट (तगारो) राखी कर उठाउन पाईने छैन। साथै दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमै राख्नु पर्नेछ।

१५. ठेक्कामा कुनै विवाद भएमा बर्दघाट नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

१६. यस सूचनामा नपरेका कुराहरू प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ।

१७. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्तहरू विपरित कार्य गरेमा जुन सुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

१८. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति तथा फर्महरूको बोलपत्र स्वीकृत हुनेछैन।

१९. बोलपत्र सम्बन्धि विस्तृत विवरणको लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०७८-५८०४०७ मा सम्पर्क गर्न सकिने छ।

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस कार्यालयको लागि प्राविधिक कर्मचारीहरु (कृषि तथा शिक्षा सेवा तर्फका) सेवा करारमा लिई काम काज गराउने सम्बन्धी सार्वजनिक सूचना कार्यालयको वेव साइट, सूचना पाटी तथा सार्वजनिक स्थलहरुमा टाँस गरिएको व्यहोरा जानकारी गराइन्छ।

बर्दघाट नगरपालिका